# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## नवप्रवर्तनकारी उद्यमी/संस्थालाई पुरस्कृत गर्ने सम्बन्धी सूचना

यस मन्त्रालयबाट आर्थिक वर्ष २०७७।७८ मा नवीनतम ज्ञान, सीप र क्षमताको प्रयोग गरी नमूनायोग्य नवप्रवतर्नकारी उद्योग स्थापना गरेको लघु, घरेलु, साना तथा मझौला उद्योग संचालन गरेका उद्यमी (फर्म वा कम्पनी) लाई कदर र सम्मान गरी थप प्रोत्साहित गर्ने कार्यक्रम रहेकोले आवश्यक न्यूनतम योग्यता पुरा गरेका सम्बद्ध फर्म र कम्पनीलाई यो सूचना प्रकाशन भएको मितिले सातौं दिनको अपरान्ह ५:०० बजेभित्र प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव इमेल moicsie@moics.gov.np ठेगानामा वा यस मन्त्रालयको औद्योगिक पुर्वाधार तथा वातावरण महाशाखामा बुझाउन सकिनेछ।

प्रस्तावसाथ संलग्न गर्नुपर्ने विवरण र सो सम्बन्धि अन्य कुरा www.moics.gov.np वाट डाउनलोड गर्न सकिनेछ।

क) प्रस्ताव सम्बन्धी कागजात उपलब्ध हुने निकायः उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको बेवसाइटबाट डाउनलोड गर्न सकिनेछ । अथवा मन्त्रालयको औद्योगिक पूर्वाधार तथा वातावरण महाशाखा अन्तर्गत औद्योगिक पूर्वाधार शाखा ।

ख) सम्पर्क अधिकारीको नामः शाखा अधिकृत, विकासचन्द्र शर्मा

ग) सम्पर्क नं: ०१४२११४५७/०१४२११४५८

घ) प्रस्तावमा समावेश हुनुपर्ने कागजातः मन्त्रालयको वेबसाइट www.moics.gov.np मा उपलब्ध हुनेछ ।

ङ) प्रस्ताव पेश गर्ने तरिकाः प्रस्तावसम्बन्धी कागजातको फर्म्याट अनुसार विवरण भरी सोलाई स्क्यान गरेर मन्त्रालयको इमेल ठेगाना moicsie@moics.gov.np पठाउन सकिनेछ । वा हार्डकपी बुझाउन सकिनेछ।

च) प्रस्ताव पेश गर्ने अन्तिम मिति समय र स्थानः मिति २०७८ साल असार २३ गते अपरान्ह ५ बजेसम्म कागजात मन्त्रालयको ईमेल ठेगानामा उल्लिखित समयभित्र पठाउनु पर्नेछ। सो समय पश्चात प्राप्त हुने प्रस्ताव उपर कुनै किसिमको कारवाहि हुने छैन।

छ) प्रस्ताव खोल्ने मिति समय र स्थानः मिति २०७८ साल असार २४ गते दिउँसो १२ बजे ।

ज) प्रस्ताव मूल्याङ्कनका आधारः प्रस्तावसम्बन्धी काजगातमा उपलब्ध छ ।

झ) प्रस्ताव उपर निर्णय हुने समयः

१. प्रस्ताव पेश गरेपश्चात संक्षिप्त सूची प्रकाशन गरी सो सूचीमा पर्न सफल प्रस्तावदातालाई प्रस्तुतीकरणका लागि सम्पर्क गरिनेछ ।

२. प्रस्तुतीकरण गरेको ३ दिनभित्र स्वीकृति वा अस्वीकृतिको अन्तिम निर्णय गरी सोको जानकारी इमेल वा फोनसम्पर्क गरी गराइनेछ ।

## प्रस्ताव पेश गर्न आवश्यक न्यूनतम योग्यताः

(क) नेपालभित्रै सुधारिएको अथवा भिन्न वस्तुको उत्पादन गरेको/ नविन किसिमको सेवा प्रदान गरेको/ उत्पादन प्रकृयानै पुर्ण वा आशिंक रुपमा नेपालभित्रै अनुसन्धान गरि नविन उत्पादन प्रकृया तयार गरेको/ उद्योगमा हुने उत्पादन प्रकृयामा नेपालभित्रै कुनै किसिमले परिवर्तन गरि उत्पादकत्व बृद्धि गरि उत्पादन गरेको

(ख) उद्योगमा विषय विज्ञ जनशक्ति कार्यरत हुनुपर्ने

(ग) प्रचलित नेपाल कानुन बमोजिम नेपाल भित्र लघु, घरेलु, साना तथा मझौला उद्योगको रुपमा दर्ता रहेको

(घ) उद्योग हाल संचालनमा रहेको हुनुपर्ने

(ङ) कर प्रयोजनका लागि स्थायी लेखा नम्बर लिएको





विवरण संकलन फारम

## प्रस्ताव सम्बन्धी कागजातहरु

### (क) प्रस्ताव पेश गर्ने व्यक्ति, कम्पनी वा संस्थाको विवरण

उद्योगको नामः

उद्योगको हिस्सेदारी(व्यक्तिगत, साझेदारी अथवा प्रा.लि):

उद्योग दर्ता मितिः

उद्योग दर्ता गर्ने निकायः

उद्योगको उद्धेश्यः

उद्योगको ठेगानाः

उद्योगको स्थायी लेखा नम्बरः

सम्पर्क व्यक्तिः

सम्पर्क फोन नः

मोबाइल नः

इमेल ठेगानाः

संस्थाको संक्षिप्त परिचयः

### (ख) नेपालमा सुरुवात गरेको कार्यको विवरण

(नेपालभित्रै सुधारिएको अथवा भिन्न वस्तुको उत्पादन गरेको/ नविन किसिमको सेवा प्रदान गरेको/ उत्पादन प्रकृयानै पुर्ण वा आशिंक रुपमा नेपालभित्रै अनुसन्धान गरि नविन उत्पादन प्रकृया तयार गरेको/ उद्योगमा हुने उत्पादन प्रकृयामा नेपालभित्रै कुनै किसिमले परिवर्तन गरि उत्पादकत्व बृद्धि गरि उत्पादन गरेको विवरणहरु स्पष्ट उल्लेख गर्नुपर्ने)

| |
|---|
| |

(ग) उद्योगमा कार्यरत वित्तीय तथा प्राविधिक जनशक्तिको क्षमता

| |
|---|
| |

(घ) उद्योगको लागि गरेको विद्यमान वित्तीय स्रोत वा लगानीको विवरण

| |
|---|
| |

(ङ) उद्योगको विकास तथा स्तरोन्नतिको लागि अनुसन्धान तथा खोजमुलक कार्यमा गरेको लगानीको अवस्था

| |
|---|
| |

(च) उद्योगले नयाँ प्रविधिमा गरेको लगानीको विवरण

| |
|---|
| |

(छ) उद्योगले पछिल्लो पाँच आ.व.मा उत्पादन गरेको नयाँ वा सुधारिएको वस्तु वा प्रवाह गरेको नयाँ वा सुधारिएको सेवा

| |
|---|
| |

*नोटः यसमा प्रदान गरिएको कोठाहरुमा विवरण उल्लेख गर्न नमिलेमा प्रस्तावकले छुट्टै पानामा समेत विवरण भरी पठाउन सक्नेछ।*

*यसका अतिरिक्त प्रस्तावकले उद्योग दर्ता प्रमाणपत्र, स्थायी लेखा नंम्बरको प्रमाणपत्र pdf format मा सक्यान गरी फारम साथ संलग्न गरी पठाउनुपर्नेछ।*

**प्रस्ताव मूल्याङ्कनका आधारहरुः**

| क्र.सं. | आधारहरु |
|---|---|
| १ | उद्योगमा हुने उत्पादन प्रकृयामा नेपालभित्रै कुनै किसिमले परिवर्तन गरि उत्पादकत्व बृद्धि गरि उत्पादन गरेको/ नेपालभित्रै परिमार्जित अथवा भिन्न वस्तुको उत्पादन गरेको/ उत्पादन प्रकृयानै पुर्ण वा आशिंक रुपमा नेपालभित्रै अनुसन्धान गरि नविन उत्पादन प्रकृया तयार गरेको/नविन किसिमको सेवा प्रदान गरेको आधारमा |
| २ | उद्योगमा विषय विज्ञको संलग्नता |
| ३ | उद्योगले नयाँ प्रविधिमा गरेको लगानी |
| ४ | उद्योगको विकास तथा स्तरोन्नतिको लागि अनुसन्धान तथा खोजमुलक कार्यमा गरेको लगानीको अवस्था |
| ५ | आविष्कार वा खोजको उपयोगबाट उत्पादित वस्तु/प्रदान गरिएको सेवाको उपयोगिता |
| ६ | उद्योगले पछिल्लो पाँच आ.व.मा उत्पादन गरेको नयाँ वा सुधारिएको वस्तु वा प्रवाह गरेको नयाँ वा सुधारिएको सेवा |
| ७ | प्रस्तुतीकरणको तरिका |